विधेयक संख्या :

# जातीय भेदभाव तथा छुवाछूतको कसूर र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०६६

व्यवस्थापिका-संसद सचिवालय
सिंहदरवार, काठमाडौं ।

## उद्देश्य र कारण :

सर्वसाधारणको ईज्जत, आत्मसम्मान, मर्यादा वा प्रतिष्ठा कायम राख्न पाउने अधिकारको संरक्षण गर्न विभिन्न जातजाती, समुदाय वा पेशाका जनताहरु बीच सुसम्बन्ध कायम राखी राष्ट्रिय एकता अक्षुण्य राख्न जात, जाती, वंश, समुदाय वा पेशाका आधारमा गरिने कुनै पनि भेदभाव तथा छुवाछुतको कसूर र सजायको व्यवस्था गर्नु पर्ने भई तर्जुमा गरिएको ।

पूर्णकुमार शेर्मा लिम्बु
मन्त्री
स्थानीय विकास मन्त्रालय

## आर्थिक टिप्पणी :

जात, जाती, वंश, समुदाय वा पेशाका आधारमा गरिने कुनै पनि भेदभाव तथा छुवाछूतको कसूर र सजायको व्यवस्था गर्न र समाजमा उपेक्षित उत्पीडित र दलित जातीको आत्मसम्मान र स्वाभिमान कायम गर्न यस सम्बन्धी ऐनको आवश्यकता महशुश भई यो विधेयक तर्जुमा भएको । यस ऐन कार्यान्वयनमा आउँदा थप आर्थिक व्ययभार पर्न जाने देखिदैन ।

पूर्णकुमार शेर्मा लिम्बु
मन्त्री
स्थानीय विकास मन्त्रालय

प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी :

| क.सं. | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाईने कानूनको प्रकृती र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव | कैफियत |
|---|---|---|---|---|
| | | | | |

यस विधेयकले प्रत्यायोजित व्यवस्थापन सम्बन्धी प्रावधानलाई समावेश गरेको छैन ।

पूर्णकुमार शेर्मा लिम्बु
मन्त्री
स्थानीय विकास मन्त्रालय

# जातीय भेदभाव तथा छुवाछूत कसूर र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** सर्वसाधारणको ईज्जत, आत्मसम्मान, मर्यादा वा प्रतिष्ठा कायम राख्न पाउने अधिकारको संरक्षण गर्न विभिन्न जातजाती, समुदाय वा पेशाका जनताहरु बीच सुसम्बन्ध कायम राखी राष्ट्रिय एकता अक्षुण्य राख्न जात, जाती, वंश, समुदाय वा पेशाका आधारमा गरिने कुनै पनि भेदभाव तथा छुवाछुतको कसूर र सजायको सम्बन्धमा समयानुकुल व्यवस्था गर्न वाञ्छनीय भएकोले,
नेपालको अन्तरिम संविधान २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधानसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम "जातीय भेदभाव तथा छुवाछूत (कसूर सजाय) ऐन २०६६" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "जातीय भेदभाव तथा छुवाछुत" भन्नाले दफा ४ बमोजिम कार्य सम्झनु पर्छ ।

(ख) "कसूर" भन्नाले दफा ३ बमोजिमको कार्य सम्झनुपर्छ ।

(ग) "सार्वजनिक स्थान" भन्नाले सरकारी तथा गैर सरकारी कार्यालय, शैक्षिक वा औद्योगिक प्रतिष्ठान, प्राचिन स्मारक, पाटी-पौवा, धारा, इनार, कुवा, पोखरी, चौतारी, सडक वा बाटो सार्वजनिक यातायातका साधन, मसानघाट, उद्यान-बगैचा, कुनै पनि किसिमको धार्मिक स्थल जस्ता सार्वजनिक प्रयोजनमा रहेका स्थान सम्झनु पर्छ र सो शब्दले सार्वजनिक रुपमा वस्तु वा सेवा बिक्रि वितरण गर्ने अन्य कुनै पनि स्थान समेतलाई जनाउँनेछ ।

(घ) "सार्वजनिक सेवा" भन्नाले सरकारी वा गैर सरकारी कार्यालय, सार्वजनिक संस्था, यातायात, औद्योगिक वा शैक्षिक प्रतिष्ठान, कम्पनी, फर्म, पसल, होटेल, रिसोर्ट, लज, रेष्टुरेण्ट, क्याफे, सिनेमा हल वा नाचघर सम्झनु पर्छ र सो शब्दले कुनै पनि सरकारी वा गैर सरकारी निकायबाट प्रदान गरिने सार्वजनिक प्रयोग वा उपयोगका कुनै पनि सेवा र सुविधा समेतलाई जनाउनेछ ।

(ङ) "सार्वजनिक समारोह" भन्नाले सार्वजनिक रुपमा आयोजना गरिएको भोज-भतेर, पूजापाठ, यज्ञयज्ञादि, बिवाह, जन्मोत्सव, न्वारान, पास्नी, व्रतबन्ध, मृत्यु जस्ता कार्यसंग सम्बन्धित धार्मिक, समाजिक वा सांस्कृतिक समारोहलाई सम्झनु पर्छ ।

३. **जातीय भेदभाव र छुवाछूत गर्न नहुने:** (१) कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउनु हुँदैन ।

(२) कसैले उपदफा (१) बमोजिम कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

४. **जातीय भेदभाव तथा छुवाछूत गरेको मानिने :** कसैले देहायको कुनै कार्य गरे वा गराएमा जातीय भेदभाव तथा छुवाछूतको कसूर गरेको मानिनेछ :-

(क) कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा सार्वजनिक स्थानमा प्रवेश गर्न वा उपस्थित हुन, भाग लिन निषेध गर्ने वा कुनै किसिमले रोक, नियन्त्रण वा प्रतिबन्ध लगाउने,

(ख) कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा सार्वजनिक सेवाको प्रयोग गर्न वा उपभोग गर्नबाट बञ्चित गर्ने,

(ग) सार्वजनिक समारोह आयोजना गर्न वा सार्वजनिक रुपमा आयोजना गरिएका समारोहमा प्रवेश गर्न वा सहभागी हुन रोक लगाउने वा निषेध गर्ने,

(घ) सार्वजनिक धार्मिक स्थानमा प्रवेश गर्न वा धार्मिक कृत्य वा कार्य गर्नबाट रोक लगाउने, निषेध गर्ने वा बञ्चित गर्ने,

(ङ) सार्वजनिक स्थानमा प्रवेश वा उपस्थित भए बापत वा सार्वजनिक सेवाको उपभोग गरे बापत जात, जातिका आधारमा छुवाछूत गरी वा नगरी व्यक्तिगत वा सामूहिक रुपमा त्यस्तो स्थान वा समारोहबाट कसैलाई निष्कासन गर्ने, सामाजिक बहिष्कार गर्ने वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रदर्शन गर्ने,

(च) जातीय हिंसालाई प्रोत्साहन दिने कुनै कार्य गर्ने वा त्यस्ता कृयाकलापमा कुनै प्रकारले सहभागी हुने,

(छ) जात, जातिका आधारमा कुनै पनि पेशा वा व्यवसाय गर्न प्रतिबन्ध वा रोक लगाउने वा कसैलाई आफ्नो इच्छा विपरितको कुनै पेशा वा व्यवसाय गर्न बाध्य पार्ने,

(ज) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा खास जात, जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गर्ने,

(झ) जात, जातिको आधारमा परिवारका कुनै सदस्यलाई बहिष्कार गर्ने, घरभित्र प्रवेश गर्न नदिने वा घरबाट निकाल्ने वा निस्कन बाध्य तुल्याउने,

(ञ) जात, जातिको आधारमा कुनै व्यक्तिबाट उत्पादन वा वितरण भएको वा त्यस्तो व्यक्तिले बिक्री वितरण गरेको कुनै वस्तु वा सेवा अस्वीकार गर्ने,

(ट) जात, जातिको आधारमा वर र बधुबाट मन्जुर भएको विवाह गर्नबाट रोक लगाउने वा भैसकेको विवाह विच्छेद गराउन कुनै किसिमले कर लगाउने वा दवाब दिने,

(ठ) श्रव्य-दृष्य सामग्री, लेख, रचना, चित्र, आकार, कार्टून, पोष्टर, पुस्तक वा साहित्यको प्रशारण, प्रकाशन वा प्रदर्शन गरेर वा अन्य कुनै तरिकाले कुनै जात, जाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरुको समूहको उच नीच दर्शाउने, अपमानजनक शब्दकौ प्रयोग गर्ने वा त्यस्तो संकेत गर्ने,

(ड) जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातीय भेदभावलाई कुनै पनि किसिमले प्रोत्सान गर्ने वा त्यस्तो विचरको प्रतिरक्षा वा समर्थन गर्ने,

(ढ) जात, जातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित व्यवहार गर्ने वा

(ण) जात, जातिको आधारमा कुनै प्रकारको श्रममा लगाउन इन्कार गर्ने वा श्रमबाट निस्कासन गर्ने वा पारिश्रमिकमा भेदभाव गर्ने ।

५. <u>उजुर गर्नेः</u> (१) कसैले कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सकिन्छ ।

(२) उपदफा (१) बमोजिम उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजुर दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम गोप्य राख्नुपर्ने छ ।

६. **मुद्दाको अनुसन्धानमा सहयोग लिन सक्ने:** (१) यस ऐन अन्तर्गतको मुद्दाको अनुसन्धान गर्दा अनुसन्धान गर्ने अधिकारीले आवश्यकता अनुसार दलित समुदायको हक, अधिकार वा उत्थान सम्बन्धी कार्यमा संलग्न रहेका स्थानीय अगुवा, नागरिक समाज वा संघ संस्थाका प्रतिनिधिको सहयोग लिन सक्नेछ ।

७. **सजाय** (१) दफा ४ को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ) र (ञ) बमोजिमको कसूर गर्नेलाई तीन महिना देखि तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ र सो बाहेकका अन्य कसूर गर्नेलाई एक महिना देखि एक वर्षसम्म कैद वा पाँच सय रुपैंया देखि दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(२) यस ऐन अन्तर्गत कसूर हुने कार्य अन्य प्रचलित कानून बमोजिम समेत कुनै कसूर हुने रहेछ भने त्यस्तो अवस्थामा यस ऐन अन्तर्गत मुद्दा चलाएको कारणबाट त्यस्तो कानून बमोजिम मुद्दा चलाई कारवाही गर्न बाधा पुगेको मानिने छैन ।

८. **थप सजाय हुने** (१) प्रचलित कानून बमोजिम सार्वजनिक जवादेहीको पदमा रहेको मानिने व्यक्तिले यस ऐन बमोजिम कसूर हुने कुनै कार्य गरेमा त्यस्तो व्यक्तिलाई दफा ७ बमोजिमको सजायमा थप आधा सजाय हुनेछ ।

९. **बाधा विरोध गर्नेलाई सजाय** : यस ऐन अन्तर्गत सजाय कसूरको अनुसन्धान वा तहकिकातको काममा कसैले बाधा विरोध गरेमा निजलाई अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीको प्रतिवेदनको आधारमा अदालतले कसूरदारलाई हुने सजायको आधा सजाय गर्न सक्नेछ ।

११. **क्षतिपूर्ति** : (१) यस ऐन बमोजिमको कसूरमा पीडकबाट अदालतले पीडित व्यक्तिलाई कम्तीमा पच्चीस हजार रुपैयादेखि एकलाख रुपैयासम्म क्षतिपूर्ति दिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिलाईदिने क्षतिपूर्तिका आधारहरु तोकिए बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिमको कसूर गर्दाका बखत पीडितलाई घा खत वा अन्य कुनै हानी नोक्सानी पुगेको रहेछ भने सो रकम समेत अदालतले पीडकबाट पीडितलाई भराई दिन सक्नेछ ।

९. **मुद्दा हेर्ने अधिकारी र कार्यविधि** : (१) यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार जिल्ला अदालतको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अदालतले गरेको फैसलाउपर चित्त नबुझ्ने पक्षले ३५ दिनभित्र पुनरावेदन दिन सक्नेछ ।

(३) यस ऐन अन्तर्गतका मुद्दाहरु संक्षिप्त कार्यविधि ऐनको प्रक्रियाद्वारा कारवाही किनारा गरिने छ ।

१०. **झुठा उजुर गर्नेलाई सजाय:** कसैले कसैलाई दुःख दिने नियतले यस ऐन बमोजिम झुठा उजुरी दिनेलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

११. **क्षतिपूर्ति:** (१) कसैले यस ऐन बमोजिमको कसूर गरेका ठहरिएमा त्यसरी ठहर गर्दा अदालतले कसूरदारबाट पीडितलाई एकलाख रुपैयासम्म क्षतिपूर्ति भराइदिन सक्नेछ ।

१२. **हदम्याद:** यस ऐन अर्न्तगतको कसूरमा कसूर भए गरेको मितिले तीन महिनाभित्र दायर गरी सक्नु पर्नेछ ।

............................................

१३. **सरकारवादी हुने**: यस ऐन अन्तर्गतको मुद्दा सरकारी वादी हुनेछ र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

१४. **संक्षिप्त कार्यविधि अपनाउनु पर्ने**: यस ऐन अन्तर्गतको मुद्दाको कारवाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

१५. **यसै ऐन बमोजिम हुने**: यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

१६. **सहयोग गर्नु पर्ने** : यस ऐन बमोजिमको मुद्दामा अनुसन्धान तथा तहकीकातको कार्यमा सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१७. **खारेजी**: मुलुकी ऐन, अदलको महलको १०क. नं. खारेज गरिएको छ ।

.............................................